सञ्चारिका समूह नेपाल
२०५२
SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS FORUM

SAMBAHAK Newsletter
# संवाहक
वर्ष १ अङ्क २ कात्तिक/मङ्सिर २०६४ (November, 2007)

## सम्पादकीय

# जनताको चाहना चाँडो निर्वाचन

वास्तविक अर्थमा हुने निर्वाचनलाई संसारभरिकै सबैभन्दा प्रजातान्त्रिक विधि मानिन्छ । देश भन्नु नै एक अर्थमा जनतालाई बुझाउने भएकोले गोप्य मतदानबाट आफ्नो भविष्यलाई अगाडि बढाउने प्रतिनिधिको छनोट गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो । त्यसैले जनताले आफ्नो विवेकको प्रयोग गर्न पाऊन् भनेर नै निर्वाचन स्वच्छ र निश्पक्ष ढङ्गले गर्नुपर्ने पूर्वसर्त राखिएको हुन्छ । यता स्वतन्त्र निकायहरूबाट निर्वाचनको पर्यवेक्षण गर्नु भनेको पनि निर्वाचनसम्बन्धी सबै मापदण्ड पूरा भएका छन् वा छैनन् भन्ने कुराको निर्क्योल निकाल्नु हो । किनकि निर्वाचन भन्नासाथै सबथोक भयो भन्ने होइन, त्यो कस्तो भयो भन्ने कुरासँग सम्बन्धित हुने गर्दछ । यस अर्थमा विश्वमा विभिन्न शैलीका निर्वाचन भए पनि तिनले जनताको अभिमत वास्तविक ढङ्गले मुखरित गर्न सकेका छैनन् ।

नेपालको सन्दर्भमा अहिले हुनुपर्छ भनेर सबैको आवाज उठिरहेको निर्वाचन सबैभन्दा महत्त्वपूर्ण किन छ भने सरकार फेर्ने, एउटा दललाई सत्ताबाट हटाएर अर्कोलाई पुऱ्याउने मात्र होइन, देशको भावी राज्य-प्रणाली कस्तो बनाउने भन्ने विषयसँग सम्बन्धित रहेको छ । मुलुकको मूल नीति भनौं भावी राज्य-संरचनाको स्वरूप, राज्य-प्रणाली, नीति-नियम आदि कस्तो बनाउने भन्ने विषयसँग सम्बन्धित यसखाले निर्वाचन इतिहासमा पटक-पटक भइरहने कुरा होइन । त्यसले गर्दा पनि यसको महत्त्व स्वतः अनुमान गर्न सकिन्छ । यद्यपि नेपालमा यो निर्वाचन हुनैपर्ने जरुरी भए पनि विभिन्न बहानामा दुईपटक स्थगित भइसकेको छ । अघिल्लोपटक जेठमा सुरक्षा-स्थिति कमजोर भएको र निर्वाचनसम्बन्धी कानुन बनिनसकेका कारण निर्वाचन स्थगित भयो भने दोस्रोपटक मङ्सिर ६ का लागि तय गरिएको निर्वाचन मुलुक चलाउन कस्सिएका सातमध्येको एक प्रमुख दल नेकपा (माओवादी) ले पूर्णसमानुपातिक निर्वाचन हुनैपर्ने र गणतन्त्रको घोषणा तत्काल हुनुपर्ने माग राख्नु र अन्य दलले त्यसमा सहमति नजानाएपछि उत्पन्न गतिरोधका कारण हुन नसकेको हो । यो स्थितिले गर्दा जनता आफ्नो मत प्रकट गर्नबाट बन्चित भएका छन् ।

देशका जल्दाबल्दा कुनै पनि विषयमा मत प्रकट गरेर जनताले निर्णय गर्न पाउनुपर्दछ । अहिलेको तदर्थ स्थितिले देश र जनता कसैको पनि हित गर्दैन । चुनाव निर्धारित समयमा हुन सकेको भए मुलुकले एउटा मार्ग पक्रिसक्ने थियो । तर, हुन नसकेका कारण तरलता बढेको छ । विभिन्न समूहका नाममा देश र जनताविरोधी तत्त्वहरू देखिन थालेका छन् । यसरी अस्थिरता बढिरहनु कसैका लागि पनि हितकर हुँदैन । देशमा दिगो शान्ति स्थापनाका लागि चुनाव पहिलो सर्त बनेको छ । यति मात्रै होइन, संविधानसभाको चुनावपछि पिछडिएको वर्ग र क्षेत्रका सम्पूर्ण नागरिकले राज्यमा आ-आफ्नो स्थान सुनिश्चित गर्ने मार्गका रूपमा संविधानसभालाई लिएका छन् । यसर्थ पनि संविधानसभाको चुनाव जतिसक्दो छिटो सम्पन्न गर्नु आजको आवश्यकता हो ।




# संविधानसभा अन्योलमा परे पछिको साझा प्रश्न के होला ?

■ यशोदा तिम्सिना

देशको राजनीतिक स्वरूप कसरी अघि बढ्छ या अब के हुन्छ? यो प्रश्न नेपाल र नेपालीका अगाडि अहिले पेचिलो भएर उभिएको छ । सर्वसाधारण जनताको मात्रै होइन, नेपालप्रति चासो राख्ने र हित चिताउने विदेशी समुदाय पनि यही प्रश्न गरिरहेको छ । तर, उचित जवाफ कसैसँग पनि छैन । सम्भवतः यसको जवाफ अहिलेको राजनीतिक समझदारीअनुसार एक ठाउँमा रहेका सात राजनीतिक पार्टीसँग पनि छैन । तर, यसको जवाफ कुनै पनि हालतमा नखोजी धर पनि छैन । र, सात राजनीतिक पार्टीले सबै वर्ग र समुदायका भावनालाई समेट्ने गरी तत्काल अब के हुन्छ ? भन्ने प्रश्नको सही जवाफ आउने खालको मार्गचित्र (रोडम्याप) बनाएर अघि बढ्नु जरुरी भइसकेको छ । यसमा जति ढिलाइ हुन्छ त्यति नै जनमानसमा अन्योल, असुरक्षा र अव्यवस्थाको कहालीलाग्दो बादल मडारिन्छ ।

यस कुरामा राजनीतिक दल कति सचेत छन्? नेपाली काङ्ग्रेसका प्रवक्ता अर्जुननरसिंह केसी सहमतिमा जानुबाहेक अहिलेको घडीमा कुनै उपाय देख्दैनन् । प्रवक्ता केसी भन्छन्, 'जनआन्दोलनको मर्म र जनताले दिएको 'म्यान्डेट'अनुसार संविधानसभाको चुनाव सम्पन्न गराउनु अहिलेको नेतृत्व र सात राजनीतिक दलको दायित्व हो ।'

वस्तुगत रूपमा भन्नुपर्दा 'माघ १९' को परिणामस्वरूप भनौं वा त्यस कदमका कारण तत्कालीन सातदल र माओवादी जुट्ने सकारात्मक परिस्थिति निर्माण भएको हो । ०६२ माघ ७ गते भएको बाह्रबुदे समझदारीको मार्गचित्रअनुसार नै जनआन्दोलन-२ सफलतापूर्वक सम्पन्न भएको कुरा पनि घामजत्तिकै छर्लङ्ग छ । जनआन्दोलन-२ को भावना भनेको संविधानसभाको निर्वाचनपछि बन्ने सभाले लोकतान्त्रिक गणतन्त्रको

स्थापना गर्ने भन्ने नै हो । यी विषयमा विगतका आठदल अर्थात् अहिलेका माओवादीसमेतका सात राजनीतिक पार्टीमा कुनै पनि विवाद देखापरेको थिएन । देखिएका विवादलाई पनि त्यसपछिका विभिन्न सम्झौता र सहमतिमार्फत टुङ्गो लगाइएको थियो । तर, बाह्रबुदे समझदारीको मूल मर्म अर्थात् जनआन्दोलनको भावनाको रूपमा रहेको संविधानसभाको निर्वाचन नै अहिले अनिश्चितताको गर्तमा रुमल्लिन पुगेको छ । यस भनाइमा सहमत छन् नेकपा एमालेका नेता झलनाथ खनाल । उनी भन्छन्, 'अहिलेको नेतृत्व र सात राजनीतिक दलले यही वर्षभित्र संविधानसभाको चुनाव गराउनुपर्छ । जनआन्दोलन र अन्तरिम संविधानको मर्म पनि यही हो ।'

संविधानसभा सुरुमा जेठ ०६४ मा गर्ने भनियो, तर सरकारले अत्यावश्यक कानुन नबनाइदिएको बहानामा निर्वाचन आयोगले तोकिएको समयमा निर्वाचन गर्न नसक्ने बतायो । निर्वाचन आयोगले त्यसो भन्नुका पछाडि पनि राजनीतिक दलको अकर्मण्यता कारक थियो । निश्चय नै राजनीतिक दलहरूले प्रतिबद्धता नजनाएका कारण नै चुनाव नभएको हो । यसपछि मङ्सिर ६, ०६४ का लागि निर्धारित संविधानसभाको निर्वाचन पनि माओवादीका पछिल्ला सर्तका कारण अनिश्चितताको भूमरीमा पर्न पुग्यो । यसले गर्दा नेपाली आफैंले अघि बढाएको भनेर गौरव गर्न लायक शान्ति-प्रक्रिया कता पुगेर दुर्घटनामा पर्ने हो भन्ने खालको आशङ्का व्याप्त हुन पुगेको छ ।

यस आशङ्कालाई दूर गर्नका निम्ति पनि संविधानसभा चुनावको तिथि तय गर्न ढिलाइ गर्न नहुने तर्क राख्छन् एमाले नेता खनाल । भन्छन्, 'कानुनी रूपमा पनि वर्तमान सरकारले आफ्नो साख बचाउन चुनावको तिथि तय गर्नुपर्छ । यसो गर्न नसकेमा वर्तमान नेतृत्वले आफ्नो वैधानिकताका बारेमा सोच्नुपर्छ ।'

सत्य कुरा के हो भने नेपालको शान्ति-प्रक्रियाजस्तो छिटो र गतिवान ढङ्गले संसारका कुनै पनि शान्ति-प्रक्रिया अघि बढेका छैनन् । तर, यति हुँदाहुँदै पनि पछिल्लो समयमा आएर जे-जस्ता विवादका स्वर सात राजनीतिक दलबीच देखिएका छन् तिनले चिन्ता थपेको छ । मूलतः पछिल्लो विवाद संसद्बाट गणतन्त्रको स्थापना र पूर्णसमानुपातिक निर्वाचन प्रणालीको माग राख्ने नेकपा माओवादीका कारण उठेको हो । यस पार्टीले २२ बुदे असन्तुष्टि जाहेर गरे पनि प्रमुख मुद्दा यिनै हुन् । यी प्रमुख माग पूरा नहुन्जेल निर्वाचनमा जान नसकिने र गइएमा निर्वाचन बिथोल्ने माओवादी चेतावनीका



कारण नै पछिल्लोपटक मङ्सिर ६ मा चुनाव गराउनका लागि तोकिएको मिति स्थगित हुन पुगेको छ । यसबारेमा नेकपा माओवादीका नेता तथा तत्कालीन मन्त्रिमण्डलमा भौतिक योजना तथा निर्माणमन्त्री रहेकी हिसिला यमी भने आफ्नो माग पूरा नभएसम्म निर्वाचनमा जान नसकिने पार्टीको अडान दोहोर्‍याउँछिन् । उनी भन्छिन्, 'अहिलेको परिस्थितिमा समानुपातिक निर्वाचन प्रणालीमा गएर चुनाव गराउनुपर्छ र त्यसभन्दा अघि संसद्बाटै गणतन्त्रको घोषणा गर्नुपर्छ ।'

झट्ट सुन्दा माओवादीका माग ठिकै लागे पनि व्यावहारिक रूपमा यसले वर्तमान शान्ति-प्रक्रियालाई खलबल्याउने देखिन्छ । यसले शान्ति-प्रक्रियामा संलग्न पक्षहरूका प्रतिबद्धतामाथि नै प्रश्नचिह्न खडा गरेको छ । यतिमात्रै होइन, सात राजनीतिक दलको विश्वसनियतालाई धमिलो बनाउने काम पनि गरेको छ । किनकि गणतन्त्रको घोषणा संविधानसभाको पहिलो बैठकले सामान्य बहुमतबाट गर्ने र संविधानसभाको निर्वाचन मिश्रित प्रणालीअन्तर्गत गर्ने विषयमा आठ राजनीतिक पार्टी जसमा नेकपा माओवादी पनि थियो, का बीच सहमति भएको थियो ।

पूर्णसमानुपातिकमा जानुपर्ने विषयलाई लिएर त्यतिबेला नेकपा एमालेले 'नोट अफ डिसेन्ट' लेख्दा पनि नेकपा माओवादीले भने मिश्रित निर्वाचन प्रणालीमा जाने विषयमा नै सहमति जनाएको थियो । आफूबाहेकका अन्य दल मिश्रित निर्वाचन प्रणालीमा जान तयार भएपछि माओवादीले सो सहमतिमा अवरोध नपुर्‍याउने धारणा सार्वजनिक गरेर परिस्थितिलाई सहज पार्न मद्दत पुर्‍याएको थियो । तर, पछिल्लोपटक निर्वाचन सर्नुभन्दा अघि माओवादीले त्यही ' एजेण्डा' अर्थात् पूर्णसमानुपातिक निर्वाचनमा जानैपर्ने कुरा अघि सार्‍यो । र, त्यसो नगरिए निर्वाचन बिथोल्ने चेतावनी दियो । नेपाली काङ्ग्रेसका नेता डा. मिनेन्द्र रिजाल माओवादीको उक्त चेतावनीलाई निश्चय पनि जनताको मत प्रदान गर्न पाउने अधिकारको पक्षमा मान्न नसकिने बताउँछन् । डा. रिजाल भन्छन्, 'अन्तरिम संविधानमा उल्लेख गरेअनुसार संविधानसभामार्फत जनताले चुनेर आएका प्रतिनिधिको पहिलो सभाले राजतन्त्रको विषयमा छिनोफानो गर्ने भन्ने समझदारी लत्याएर सातदलले अढाई करोड नेपालीको भावनामा खेलवाड गर्न मिल्दैन ।' यस कुराको जानकारी हुँदाहुँदै माओवादीले 'बखेडा' झिकेको आरोप रिजालको छ । रिजाल थप्छन्, 'अहिलेका माग पूरा भए भने माओवादीले अर्को माग नल्याउला भन्ने कुराको कुनै 'ग्यारेन्टी' पनि छैन ।'

पछिल्लो निर्वाचन मिति तय भएपछि पनि त्यसलाई स्थगन गरिनुले संसद्को भागिदार माओवादी र सत्तामा आसीन राजनीतिक पार्टीको विश्वसनियतामा प्रश्न उठेको छ । बाह्रबुँदे समझदारी, जनआन्दोलन-२ देखि मङ्सिर ५, ०६३ सालको शान्ति-सम्झौता र माघ १, ०६३ मा अन्तरिम संविधान लागू गर्दासम्मका स्थितिमा शान्ति-प्रक्रिया जुन रफ्तारमा अघि बढेको थियो पछिल्लो समयमा आएर यो प्रक्रिया स्थिर भनौं वा ठप्पको अवस्थामा छ भन्दा अत्युक्ति हुँदैन ।

सात राजनीतिक पार्टीको समझदारीअनुसार सबै प्रक्रिया अघि बढिरहेकोमा पछिल्लो समयमा आएर सात राजनीतिक पार्टीबीचकै विवादले गर्दा शान्ति-प्रक्रियाको गति धिमा बन्न पुगेको हो । नेकपा माओवादी सरकारबाट बाहिरिएपछि सुरु भएको जटिलता र विश्वसनियतामाथिको

प्रश्नमा बल पुऱ्याउने काम गऱ्यो गत कात्तिक १८ गते संसद्मा भएको मतदानले । माओवादीको भावनाअनुसार डाकिएको अन्तरिम संसद्को विशेष अधिवेशनमा एउटै मार्गचित्र लिएर हिँडेका दलहरू पक्ष/विपक्ष बनेर मतदानमा उत्रने वातावरणले परिस्थितिलाई झन् जटिल अवस्थामा पुऱ्याएको छ। मतदानका क्रममा शान्ति-प्रक्रियाका तीन प्रमुख खेलाडीमध्ये माओवादी र एमाले एकातर्फ लागे भने काङ्ग्रेस अर्कातर्फ लाग्न पुग्यो। माओवादी र एमालेसमेतका दलले बहुमतका आधारमा पूर्णसमानुपातिक निर्वाचन प्रणालीमा जान र गणतन्त्र घोषणा गर्न सरकारलाई निर्देशन दिएका छन्। संविधानअनुसार बनेको संसद्ले संविधानविपरीतका निर्देशन दिन मिल्ने कि नमिल्ने भन्ने एकखाले प्रश्न उब्जन पुगेको छ भने अर्कातर्फ संसद्को निर्देशन पालना नगर्दा 'महिलालाई पुरुष र पुरुषलाई महिला बनाउने'बाहेकका हर काम गर्न सक्षम भनिएको ४ जेठ, ०६४ को प्रतिनिधि घोषणा र अन्तरिम विधायिकामा त्यसको निरन्तरताको नै खिल्ली उडाउने परिस्थिति उत्पन्न भएको छ । समग्रमा नीतिगत हिसाबले काङ्ग्रेस पनि गणतन्त्रवादी भइसकेको छ भने एमाले र माओवादी पहिल्यैदेखि गणतन्त्रवादी भइसकेका दल हुन् । मङ्सिर ६ मा चुनाव गराएको भए सम्भवतः मङ्सिर महिनाभरिमा दलहरूले गणतन्त्र घोषणा गरिसक्ने थिए । तर, देशमा राजतन्त्रबाहेक अरू कुनै मुद्दा नभएको र राजतन्त्रको अन्त्य हुनासाथ जादूको छडी आएर विद्यमान समस्या समाधान हुन्छन् भन्ने दलहरूको मनोकाङ्क्षाका कारण न त संविधानसभाको चुनाव हुन सक्यो न त राजतन्त्रको नै अन्त्य भयो ।

पिछडिएका वर्ग, समुदाय, जातजाति, लिङ्गीय समस्या त झन् जहींको तहीँ छन् । खासगरी तराई जनअधिकार फोरम, आदिवासी जनजाति महासङ्घ, चुरेभावर एकता समाजलगायतका केही समूहसँग सरकारले छुट्टाछुट्टै समझदारी पनि गरेको छ । ती समूहसँग गरिएका समझदारी पालना गर्नेतर्फ बेलैमा ध्यान नदिएमा उनीहरू फेरि विस्फोटक रूपमा प्रस्तुत नहोलान् भन्न सकिन्न । अहिले तराई क्षेत्रमा एउटा भरुवा बन्दुक लिएर हिँड्ने व्यक्तिले पनि विद्रोही समूहको नाम दिएर आतङ्क मच्चाइरहेको अवस्था छ । कुनै नीतिबिनाका यस्ता केही समूहले आतङ्क मच्चाउनुको दायित्व राज्यले लिनुपर्छ । किनभने राज्यमा अमनचैन र शान्ति-सुव्यवस्था कायम गर्नु राज्यको कर्तव्य हुन आउँछ। अतः संविधानसभाको तिथि तय गर्नुपूर्व जायज मागहरूप्रति सम्बोधन र आपराधिक क्रियाकलापमा संलग्नहरूलाई सुरक्षा सुदृढीकरणमार्फत कारबाही गर्नु अहिले मुलुकको टड्कारो आवश्यकता हो ।

आफूले स्वतन्त्रतापूर्वक काम गर्न सक्ने स्थितिको सिर्जना नभएसम्म संविधानसभामार्फत जनताले व्यक्त गर्ने अभिमत सही ठाउँमा प्रयोग होला भन्न सकिँदैन। त्यसले गर्दा पनि मुख्य संयन्त्रलाई साथसाथै बलियो बनाउनु जरुरी रहेको छ । जनता साँच्चिकैको 'चुनाव' जस्तो 'चुनाव' चाहन्छन् । त्यो चुनावपछि बन्ने संविधानसभाले देशलाई अग्रगमन दिने सबैजसो महत्त्वपूर्ण कुराको फैसला गर्न पाउनुपर्छ। जनताको नाममा दलबाट मनोनीत विधायकलाई देशको भविष्यसँग जोडिएको महत्त्वपूर्ण निर्णय गर्ने अधिकार छैन । माओवादी नेता यमी भने जनताको भावनासँग खेलवाड हुने आशङ्का पैदा भएकाले संसद्बाट गणतन्त्रको घोषणा हुनुपर्ने जिकिर गर्छिन् । तर, अन्तरिम संविधानको मर्मतर्फ भने यमीको ध्यान गएको पाइँदैन। पछिल्लो समय अन्तरिम संविधानलाई नै संविधानसभा बनाऔं भन्ने खालका अभिव्यक्ति शान्ति-प्रक्रियामा सक्रिय रूपमा सामेल भएका जिम्मेवार पार्टीले उठाउनु सुहाउने कुरो होइन भन्छन् नेपाली काङ्ग्रेसका प्रवक्ता केसी ।

शान्ति-प्रक्रियाको एउटा प्रमुख पक्ष माओवादीले जेठमा निर्वाचन नभएको परिस्थितिमा आफ्ना अडानहरू फेरिएको र तत्काल गणतन्त्रको घोषणा र पूर्णसमानुपातिक निर्वाचन


## संविधानसभाको अपरिवर्तनीय मिति तुरुन्त घोषणा गर ।
## नागरिकको सार्वभौम अधिकार सुनिश्चित गर ।।

जनआन्दोलन ०६२/०६३ ले नयाँ नेपाल निर्माण गर्ने नेपाली जनताको सपनालाई उजागर गऱ्यो । नेपाली जनताले गरिबी, अभाव, अन्याय, असमानता र भेदभाव नरहेको, सामाजिक, आर्थिक र राजनैतिक रुपमा विद्यमान सबै समस्याहरूको समाधान सहितको नयाँ नेपाल निर्माण गर्ने चाहना राखेका छन्। नेपाली जनता संविधानसभाको निर्वाचनमार्फत जनताको सहभागितामा मुलुकको भविष्य निर्माण गर्न चाहन्छन् । साँचो अर्थमा आफूलाई आफ्नै देशको मालिक बनाउन चाहन्छन् । लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको निर्माण एवं आर्थिक, सामाजिक र राजनीतिक रुपान्तरणसहित राज्यको पुनर्संरचना गर्न चाहन्छन्। देशलाई दिगो शान्तिमा परिणत गरी हरेक नागरिकले निर्वाध ढंगले आ-आफ्नो क्षेत्रबाट योगदान दिई समुन्नत नेपालको आधार निर्माण गर्ने र त्यसबाट उपलब्ध प्रतिफलहरू समान ढंगले ग्रहण गर्न पाउनु पर्ने समय हो।

जनताले राज्यको अग्रगामी पुनर्संरचना गर्ने महान जिम्मेवारी तत्कालिन आठ राजनीतिक दललाई दिएका हुन् । यसरी जिम्मेवारी पाएका दलहरू दलीय स्वार्थबाट मात्र प्रेरित भई संविधानसभा निर्वाचनको मिति तथा प्रक्रियामा आ-आफ्नो अडान राखिरहेका छन् । वर्तमान सातदलीय गठबन्धनले संविधानसभा निर्वाचनको मिति दुई-दुई पटक घोषणा गर्ने र स्थगन गरेर नेपाली जनतालाई अल्मल्याउने काम गरेको छ । जनताले विश्वास गरेका राजनीतिक दलहरूको खिचलो बढ्दो छ । दलहरूका यस्ता अडान तथा कार्यविधिबाट नेपाली जनताले प्रदान गरेको म्यान्डेट माथि खेलबाड भइरहेको प्रस्टै हुन्छ । फेरि पनि मुलुक २००७ सालमा झैं संविधानसभा निर्वाचन नै नहुने हो की ? भन्ने स्थितिमा पुगेको छ । राजनीतिक दलहरूको यस प्रकारका कदमबाट हामी नागरिकहरू फेरि पनि अन्यौलमा पर्न गईरहेका छौं । त्यसैले राजनीतिक दलहरूलाई जनताप्रति बढी उत्तरदायी बनाई संविधानसभा निर्वाचनको अपरिवर्तनीय मिति चाँडोभन्दा चाँडो घोषणा गरी त्यसको निश्पक्ष कार्यान्वयन गर्नका लागि हरेक राजनीतिक पार्टी, तिनका नेता तथा कार्यकर्ताहरूलाई गुनासो गर्न, दवाव तथा राय-सल्लाह दिन हामी सम्पूर्ण दाजुभाइ एवं दिदी बहिनीहरूमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउन हार्दिक अपील गर्दछौं ।

**संविधानसभा दबाब अभियान**

**सम्पर्क** : ४७८१२१२, ४७२२९०८



प्रणालीमा जानुपर्ने माग राखिएको तर्क अघि सारेको छ । तर, निर्वाचनको मिति सर्‍यो भन्दैमा विगतमा भएका समझदारीलाई नै कुल्चने र आफूले सुरुमा उठाएको माग संविधानसभालाई नै बिथोल्ने कुरा माओवादीबाट आउनुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा पनि असजिलो रूपमा चित्रित गरिएको छ । जसलाई राजनीतिक विश्लेषकहरू अस्वाभाविक मान्दैनन् ।

## संवाद र सहमति नै उपयुक्त

यही कात्तिक १८ को मतदानपछि सबै राजनीतिक दलबीच संवादको प्रक्रिया अघि बढाइए पनि के-कसरी विगतका सहमति पालना गर्ने र संविधानसभाको तिथि तय गरेर त्यसका लागि आवश्यक प्रक्रिया मिलाउने भन्नेबारेमा कुनै सहमति हुन सकेको छैन । फेरि पनि तत्काल गणतन्त्रको घोषणा र पूर्णसमानुपातिक निर्वाचन प्रणालीमा गएर कुरा अल्झेको छ । नेपाली काङ्ग्रेस यी दुवै विषयमा 'हुन्न' को स्थितिमा छ भने विशेषगरी नेकपा माओवादी 'हुनैपर्छ, नत्र....' को अडानमा कायम देखिन्छ । 'मेरो गोरुको बाह्रै टक्का' भन्ने उखान चरितार्थ गर्न लागिपरेका यी दुवै अडानले आमसहमति बन्नुपर्छ र संविधानसभाको निर्वाचन चाँडो गर्नुपर्छ भन्ने जनताको भावनामा ठेस पुऱ्याउने काम गरिरहेको छ ।

विगतमा भएका शान्ति-सम्झौता पूर्णरूपमा पालना हुन नसकेको कुरो एकातिर छ भने अर्कातिर नयाँ समझदारी गर्दै जानुपर्ने स्थिति पनि बनेको छ । भइसकेका समझदारीप्रति नै गम्भीर नभएको बेला नयाँ सम्झौताको पालना कसरी हुने हो- त्यसको लेखाजोखा सम्झौता अगावै हुनुपर्छ । र, जस्तो प्रतिबद्धता जनाइएको छ त्यसको कार्यान्वयनमा ध्यान दिनु अपरिहार्य छ । त्यसैले सात राजनीतिक पार्टीले विगतका त्रुटिप्रति क्षमायाचना गर्दै अब ती सम्झौता पूर्णरूपमा पालना गर्ने सार्वजनिक प्रतिबद्धता देखाउनु जरुरी छ भने अर्कातर्फ संविधानसभाको निर्वाचन अबचाहिँ कुनै पनि हालतमा स्थगन गर्दैनौं भन्ने प्रतिबद्धतासहितको ठोस मार्गचित्र बनाउनु अत्यावश्यक भइसकेको छ । एमाले नेता खनाल अब ०६४ सालभित्र पनि संविधानसभाको चुनाव भएन भने वैधानिक रूपमा सातदलको हैसियतमा ठूलो प्रश्नचिह्न आउने खतरा औंल्याउँछन् । उनी भन्छन्, 'दिन गएपछि रात र रात गएपछि दिन आउँछ । प्रकृतिको यो नियमलाई कसैले फेरबदल गर्न सक्दैन । यदि सातदलले राष्ट्रको निकास दिन सकेन भने युवा पङ्क्ति नेतृत्व दिन आउँछ । समय कहिल्यै पछि फर्कंदैन । यसको नियम नै अघि बढ्ने हो ।'

शान्ति-प्रक्रियाको 'सेफ ल्याण्डिङ' र यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा वैधताका लागि पनि संविधानसभाको निर्वाचन जति सक्दो चाँडो गरिनुपर्छ । सङ्क्रमणकाल लम्बिनु निश्चय पनि देश र जनताका लागि हितकर हुँदैन । संविधानसभापछि मात्र मुलुकले एउटा ठोस मार्ग पक्रन सक्दछ । यसतर्फ झिनामसिना कुरामा विवाद गरेर दलहरू विशेषगरी माओवादीसमेतका सात दलले तत्काल ध्यान दिनुपर्छ । मुलुकलाई कसरी अघि बढाउने भन्ने ठूलो जिम्मेवारी आफ्नो काँधमा रहेको महसुस दलहरूमा हुनुपर्छ । मुख्यतः सातदलको सानो गल्ती र गैरजिम्मेवारीपनले देशलाई कहिल्यै उँभो लाग्न नसक्ने अवस्थामा पुऱ्याउन सक्ने गम्भीर खतरा पनि छ । त्यसैले मुलुकको भविष्यमाथि गैरजिम्मेवार नबन्न दलहरूलाई जनताको आग्रह छ । जनता संविधानसभाको निर्वाचन कहिले होला र देशमा शान्ति छाउला भनेर प्रतीक्षारत छन् । कृपया देशको भविष्य र जनताको चाहनामा खेलवाड नगरौं ! ■

फोटो साभार : गुगल डट कम

# संचार अभियान जारी

संचारिका समूहले शान्ति प्रक्रियामा महिला सहभागिता तथा संविधान सभामा महिलाको सहभागिता र सवाललाई लिएर संचार अभियान अगाडि बढाएको छ। राजधानी तथा राजधानी बाहिरका एफ.एम. रेडियो, टेलिभिजन कार्यक्रम र पत्रपत्रिकाहरू मार्फत यो अभियानलाई जारी राखिएको छ । यस क्रममा रेडियो नेपालमा 'संवाहक' कार्यक्रम, राजधानी र राजधानी बाहिरका एफ.एम. स्टेशनहरूबाट 'संवाहक' कार्यक्रम तथा अन्य कार्यक्रमहरू, टेलिभिजन कार्यक्रमहरू सम्पन्न भइसकेका छन् ।

यस्तै छापा माध्यमबाट पनि अभियानलाई जारी राखिएको छ । सोही विषयलाई लिएर निकट भविष्यमै संचारिकाले टेलिभिजन कार्यक्रम संचालन गर्ने भएको छ । अभियानमा संलग्न राजधानी तथा विभिन्न जिल्लाका संचारकर्मी एवं पत्रकार साथीहरूप्रति समूहले हार्दिक धन्यवाद व्यक्त गरेको छ ।

यसैबीच महिलामाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर समूहले ६ महिने संचार अभियान गर्ने भएको छ। उक्त अभियानमा नीति निर्माण तहमा महिलाको सहभागिता, महिलासम्बन्धी नीतिहरूको कार्यान्वयन, राजनीतिमा महिला हिंसा एवं महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा निर्मूलका लागि जोड दिइएको छ । महिलामाथि हुने हिंसा अन्त्य गर्न पुरुषको साझेदारी र सहयोगलाई महत्वपूर्ण मान्दै संचारिकाले 'सेतो रिवन' अभियानलाई सशक्त बनाउने निर्णय गरेको छ । महिला र बालबालिकाप्रति हुने हिंसाविरुद्ध व्यक्तिगत वा संस्थागतरूपमा पुरुष तथा युवा वर्गबाट हुने प्रतिबद्धता र सहकार्यलाई 'सेतो रिवन' अभियान भन्ने गरिन्छ ।

महिला हिंसाका सन्दर्भमा पुरुष वर्गबाट आवाज उठ्दा सकारात्मक सन्देश जाने र घर, टोल, छिमेक, समाज हुँदै अन्ततः राज्यबाट महिला विरुद्ध हुने हिंसा न्यूनीकरण गर्न मद्दत पुग्ने ठानी उक्त अभियानको सुरुवात गरिएको कुरा संचारिका समूहको अध्यक्ष बबिता बस्नेतले बनाउनु भयो ।

# "संविधान संशोधन गरिरहनु राजनीतिक दूरदर्शिता होइन"



– काशीराज दाहाल

**काशीराज दाहाल, ४८ संविधानविद् हुनुहुन्छ । न्यायपरिषद्को सचिव भइसक्नुभएका दाहालले ३० वर्षभन्दा बढी समय सरकारका विभिन्न न्यायिक क्षेत्रमा रहेर योगदान पु¥याउनुभएको छ । उहाँले संवैधानिक कानुन, महिला, मानवअधिकार, संविधानसभा, प्रेस विधिशास्त्रलगायतका विषयमा डेढ दर्जन पुस्तक प्रकाशित गरिसक्नुभएको छ । हाल उहाँ नेपाल सरकारको प्रशासनिक अदालतको प्रमुख हुनुहुन्छ ।**

**उहाँले सूचनाको हकसम्बन्धी कानुन निर्माण कार्यदलको संयोजक, वैयक्तिक गोपनियतासम्बन्धी ऐन र सूचनाको हकसम्बन्धी नियमहरूको संयोजक भएर काम गरिसक्नुभएको छ । उहाँले संविधानसभाको गठन–प्रक्रिया, अन्तर्राष्ट्रिय अभ्यास र यसका फाइदाजस्ता विषयमा केन्द्र र गाउँगाउँमा समेत अभिमुखीकरण तालिम दिइरहनुभएको छ ।**

**संविधानसभाको चुनाव पटकपटक स्थगित हुनु र पछिल्लोपटक अब हुने चुनावको मितिसमेत तोक्न नसक्दा यसबाट आउने व्यावहारिक एवम् कानुनी समस्या, चुनाव रोकिँदा देशले व्यहोर्नुपर्ने अप्ठ्यारालगायतका विषयमा उहाँसँग गरिएको कुराकानी :**

**संविधानसभाको निर्वाचन निर्धारित समयमा नहुँदा आएका अप्ठ्याराहरू के–के हुन् ?**

संविधानसभा भनेको संविधान बनाउने विभिन्न विधिमध्ये एक हो । जनताको प्रतिनिधित्व, रोजाइ, चाहनासमेतले संविधान निर्माण हुने हुनाले यसलाई लोकतान्त्रिक विधि या पद्धति मानिन्छ । जनप्रतिनिधिको सहभागितामा जनताका निम्ति जनताले विश्वका ४२ वटा राष्ट्रमा संविधान बनाएका छन् । विश्वको इतिहासमा फ्रान्सले पहिलोपटक शासकको चाहनामा सन् १७८९ मा संविधानसभामार्फत संविधान बनाएको थियो ।

नेपालमा तीनवटा मुख्य उद्देश्यले संविधानसभाको निर्वाचन गर्न लागिएको हो । जसलाई यसरी प्रस्ट्याउन सकिन्छ :-

(१) मुलुकमा दिगो शान्ति स्थापना,
(२) विद्यमान ढाँचामा पुनर्संरचना, र
(३) लोकतान्त्रिक राज्य–व्यवस्था र जनादेशबमोजिम राज्यको मूल कानुन अर्थात् संविधान निर्माण गर्नु हो ।

उल्लिखित बुँदामा आधारित रहेर भन्नुपर्दा संविधानसभाको सौन्दर्य भनेको यसको गठन–प्रक्रिया समावेशी मान्यतामा हुनुपर्छ । यसका अलावा यसमा जनताको सहभागिता, निश्चित पूर्वाधार, शान्तिसुरक्षाको सुनिश्चितता, मतदाताको सचेतता, तिनको रखवारी र पहरेदारी, सङ्क्रमणकालको प्रबन्धलगायतका तमाम विषयमा राज्य चनाखो हुनुपर्छ । यदि त्यो भएन भने संविधानसभाको प्रक्रिया अवरुद्ध हुन्छ ।

अब तपाईंको प्रश्न के–के समस्या आउँछन् ? को जवाफ यसरी दिन सकिन्छ :

- संवैधानिक गतिरोध उत्पन्न हुन्छ जसका कारण मुलुकमा कचिङ्गल सुरु हुन्छ,
- सरकार र व्यवस्थापिका स्वयम्को वैधानिकतामा प्रश्नचिह्न खडा हुन्छ,
- अन्तर्राष्ट्रिय मान्यता गुम्न सक्छ,
- सङ्क्रमणकालको प्रबन्ध गर्ने प्रयोजनको म्याद थप्दै आयु बढाउनु लोकतान्त्रिक जनादेशविपरीत हुन्छ,
- जनताको विश्वासमा सरकार अड्नुपर्छ, त्यो भनेको निर्वाचन नै हो । जनताले अविश्वास गरेपछि जस्तै असल सरकारको पनि साख रहँदैन ।

**चुनाव निर्धारित समयमा नहुँदा कानुनी र व्यावहारिक रूपमा अब के हुन्छ ? भनेर अनुमान लगाउन सकिन्छ।**

०४७ सालको संविधान विधिवत् रूपमा समाप्त भइसकेको छ। अन्तरिम व्यवस्था गर्न बनेको अन्तरिम संविधान, ०६३ आठदलको सहमतिका आधारमा नयाँ संविधान बनाउनका निम्ति मात्र हो। संविधानवाद्का सिद्धान्त, शक्ति सन्तुलन र नियन्त्रणका विषयहरू संवैधानिक विधिशास्त्रका मान्यताअनुरूप छैनन्। काम चलाउनका लागि अन्तरिम संविधान जारी गरिएको हो। जसले जनताले चुनेका जनप्रतिनिधिको सहभागितामा संविधान बनाउनुपर्छ। यदि निर्वाचन समयमा नै भएन भने राजनीतिक दलको विश्वसनियतामा सङ्कट आउँछ। त्यसैले चाँडोभन्दा चाँडो राजनीतिक निकास खोज्नुपर्छ। त्यो भनेको लोकतान्त्रिक पद्धतिबाट संविधानको निर्माण गर्नु नै हो।

सातदलको सहमतीय पद्धतिबाट व्यवस्थापिका, सरकार र राज्यप्रणाली सञ्चालन हुन सकेन भने अन्तरिम संविधान निष्प्रभावी हुन्छ। यसबाट स्वतः कानुनी सङ्कट आउँछ।

**कानुनी रूपमा वर्तमान सरकारले जनताबाट पाएको म्यान्डेट सकियो भन्न सकिन्छ ?**

कुनै पनि कानुन ज्यादै कठोर हुनु पनि राम्रो होइन र ज्यादै लचिलो हुनु पनि राम्रो होइन। यसले मध्यमार्गी बाटो लिनु विश्वव्यापी मान्यता हो। राजनीतिक दूरदर्शिता नहुनुको सङ्केत पटकपटक संविधान संशोधन हुनुले प्रष्टिन्छ। राजनीतिक दूरदर्शिताबाट राजनीतिक व्यवस्थापन गर्न सकियो भने छिनछिनमा संविधान संशोधन गर्नुपर्दैन गर्नु स्वस्थकर मानिँदैन पनि। अहिले हामीकहाँ भएका पटकपटकका संशोधनले अदूरदर्शिता झल्कन्छ। अन्तरिम संविधानलाई सबै समस्या समाधान गर्ने अचुक औषधिको रूपमा ग्रहण गर्नुभन्दा संविधानसभासम्म पुग्ने कानुनी मार्गका रूपमा बुझ्न सकेको भए यस्ता समस्या आउने थिएनन्। अहिलेको राज्य-व्यवस्था सहमतिका आधारमा चलेकोले त्यसलाई वैधानिकता दिनु राम्रो हुन्छ।

> "महिलाप्रति पार्टीहरु कति संवेदनशील छन् भन्ने कुरा निर्वाचनमा महिलालाई उम्मेदवारी दिने प्रतिशत र राज्यका अन्य संरचनामा गराउने प्रतिनिधित्वका आधारमा अनुमान गर्न सकिन्छ।"

**संविधानसभाको चुनावको मिति तोक्न किन ढिलाइ भइरहेको होला ?**

अहिले देश सङ्क्रमणकालको पनि विशेष सङ्क्रमणभित्र छ। जनताका वाचा र कबोलविपरीतका कार्यहरू भए भने जनताप्रति विश्वासघात हुन्छ। यसर्थ यथाशक्य छिटो निर्वाचनको मिति घोषणा हुनुपर्छ। जतिजति यसमा ढिलाइ गरिन्छ उतिउति नै दल, सरकार र व्यवस्थापिकाका चुनौती थपिएर जान्छन्। विधिको शासनमा क्षयीकरण हुन्छ। सङ्क्रमणकाल लम्बिँदा सरकार कमजोर हुन्छ। आपराधिक तत्त्वले टाउको उठाउने मौका पाउँछन्। राष्ट्र जति बलियो हुन्छ त्यति नै सबलीकरणतर्फ उन्मुख हुन्छ। र, बलियो हुने आधार भनेको जनमतका आधारमा गरिने निर्णय हुन्। त्यसको पहिलो सर्त संविधानसभा नै हो।

**संविधानसभाको चुनाव सम्पन्न भए पनि समाजमा देखिएका विभिन्न समूह र समुदायका विद्रोहीलाई उचित सम्बोधन नगरे आशातीत परिणाम आउला ?**

कतिपय कुराहरू राजनीतिक विषयमा केन्द्रित छन् र ती जायज पनि छन्। कतिपय हिंसाजन्य घटनाहरू आपराधिक प्रकृतिका पनि छन्। यसर्थ यी दुवैलाई छुट्याएर हेर्नुपर्छ। संविधानसभाका निम्ति केही आधारभूत कुराहरूको मार्गचित्र स्पष्ट गरी त्यस्ता समस्यालाई संविधानसभाबाट सम्बोधन गर्ने गरी राजनीतिक सहमतिका आधारमा लान सकिन्छ। अधिकारको सन्दर्भमा लोकतन्त्रको फल प्राप्तिका निम्ति पहिचान, स्वस्थ सहभागिता खोज्नु स्वाभाविक भए पनि यो कुरा बिर्सन हुन्न, राज्यको क्षमता बढ्न सकेन भने अधिकार कागजी मात्र हुनसक्छ। अधिकारलाई सम्मान गर्दै राज्यको क्षमता बढाउनुपर्ने अहिलेको सन्दर्भमा त्यत्तिकै अध्ययन सबैको हकअधिकारको रक्षाका लागि त्यसको प्रभावकारी कार्यान्वयनका लागि अहिलेको अर्थतन्त्रमा आमूल परिवर्तन उत्पादन वृद्धिको प्रतिशत सोहीअनुरूप हुनुपर्छ। लोकतान्त्रिक सरकारअनुरूपको शिक्षा पद्धति हुनुपर्छ। प्रविधिको प्रचुर मात्रामा भौतिक संरचनासहित बलियो बनाउनुपर्छ। दूरदर्शी राजनीति त्यति नै आवश्यक छ। यस्ता पक्षमा सुधार नभएसम्म मुलुकको आर्थिक, सामाजिक, राजनीतिक रूपान्तरण हुन सक्दैन। यस्ता कुरा माग गर्ने र पूरा गर्ने दुवै पक्षले बुझ्नुपर्छ।

**देशमा शान्ति, अमनचैन कायम गर्न प्रेसको भूमिका कस्तो हुन सक्छ ?**

राजनीति भनेको राज्यका समस्या समाधान गर्ने र निकास दिने पद्धति हो। यदि यी समस्याको समाधान र निकास दिन सकिँदैन भने राजनीति अराजनीति हुन्छ। राजनीतिले सबै पक्षलाई प्रभाव पार्छ। दलीय चिन्तनले अझ प्रभाव पार्छ। राज्यलाई सञ्चालन गर्ने महत्त्वपूर्ण वाहक राजनीतिक दल नै हुन्। नागरिक समाज, मिडियालगायतका संस्थाले पनि आ-आफ्नो ठाउँबाट महत्त्वपूर्ण योगदान दिन सक्छन्।

राज्यको चौथो अङ्गको रूपमा अघि बढेको मिडियाले सरकार र राजनीतिक दलहरूलाई जनउत्तरदायी बनाउन नेतृत्वदायी भूमिका खेल्न सक्छ। जनआन्दोलनका बेला मिडिया, नागरिक समाजलगायत विभिन्न

पेसाकर्मीहरूले खेलेको भूमिका सराहनीय थियो । यस्तै २१औं शताब्दीमा सञ्चारमाध्यममाथिको विश्वास बढेको छ । मिडियाको प्रभावकारिताका कारणले विश्वका अनेक ठाउँबाट निरङ्कुशताहरू हट्दै गएका छन् । लोकतन्त्रको आधारभूत सर्तमध्ये पूर्ण प्रेस स्वतन्त्रता एक हो । प्रेस स्वतन्त्रतालाई कुण्ठित गरेर लोकतान्त्रिक राज्य-व्यवस्थाको निर्माण हुन सक्दैन । यसर्थ राज्यले प्रेसलाई स्वतन्त्र रूपमा चल्न दिनुपर्छ। त्यस्तै, राज्यमा भइरहेका गतिविधिको सूक्ष्म अध्ययन गरी बाटो बिराएको स्थिति छ भने त्यसलाई सही मार्गमा ल्याउने दायित्व प्रेसको हो ।

**संविधानसभाको चुनावले आफ्नो अस्तित्व निर्माणमा सकारात्मक परिवर्तन हुने आशा राखेका महिलालाई कस्तो असर परेको छ ?**

नेपालको सन्दर्भमा कुरा गर्दा महिलाका क्षेत्रमा पितृसत्तात्मक मान्यताका कारण कतिपय कानुनी व्यवस्था स्वयम् पनि समानताको अनुकूल हुन नसकेको विगतको स्थिति छ । यता भएका कानुनले पनि परिणाम महिलाको पक्षमा हुन नसकेको अवस्थालाई चित्रण गर्दा र जनआन्दोलनको जनादेशबमोजिम निर्माण भएको नेपालको अन्तरिम संविधान, ०६३ ले लैङ्गिक समस्याहरूलाई राज्यको अग्रगमनतर्फ उन्मुख गराउने प्रतिबद्धता व्यक्त गरेको, महिलाको हितका निम्ति विशेष संरक्षणको निम्ति कानुन बनाउन सक्ने संवैधानिक प्रत्याभूति गरेको छ । महिलाका विरुद्ध कुनै पनि भेदभाव गर्न नपाइने, स्वास्थ्य र प्रजननको हक हुने, महिलाका विरुद्ध कुनै पनि किसिमको हिंसा गर्न नपाइने र पैत्रिक सम्पत्तिमा छोरा र छोरीबीच समान हक हुने कुरालाई मौलिक हकको रूपमा स्वीकार गरेकोलगायतका प्रावधान उल्लेखनीय रहेका छन् ।

यति हुँदाहुँदै पनि अहिलेको सशक्तीकरण र विकासक्रम एकल महिला र असहायको रक्षाका निम्ति राज्यका दायित्वहरू अन्तरिम संविधानको राज्यका नीतिअन्तर्गत उल्लेख भइरहेका यस्ता विषयहरूलाई मुखरित र जीवन्त बनाउन राज्यका सबै पक्ष अग्रसर भइरहेको यस अवस्थामा निश्चय नै केही ठेस पुग्न गएको हुनसक्छ । तर, महिलालाई परिणाममा समानताको अनुभूति दिनुबाहेक राज्यसमक्ष अर्को विकल्प छैन । यसका निम्ति संविधानसभामा उचित महिलाको प्रतिनिधित्व गराउने, सम्बोधन गर्ने र समाधानका उपायहरू संविधानमार्फत व्यक्त संविधानसभा महिलाका निम्ति अवसर पनि हो । त्यसले नेपालको सामाजिक संरचनामा रूपान्तरण गर्न उल्लेख्य योगदान दिन सक्छ भन्ने सबैले अपेक्षा गरिरहेको अहिलेको सन्दर्भमा आर्थिक, सामाजिक, लैङ्गिक सशक्तीकरण र उत्थानका निम्ति राज्यका सबै तहमा राज्यको न्यायोचित र स्पष्ट संवैधानिक प्रतिबद्धता अहिलेको आवश्यकता हो ।

**अन्तरिम संविधानले संविधानसभाको निर्वाचनमा महिलाका लागि कम्तीमा ३३ प्रतिशत स्थान सुनिश्चित गर्नुपर्ने उल्लेख गरे पनि निर्वाचन नियमावलीअनुसार संविधानसभाको निर्वाचनमा २५ प्रतिशत मात्रै हुन्छ, होइन ?**

अन्तरिम संविधानले संविधानसभाको निर्वाचनका निम्ति ३३ प्रतिशत महिलाको उपस्थितिलाई सुनिश्चितता गरेको हो । त्यसअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीमा ५० प्रतिशत महिलालाई सुनिश्चित गरेको छ । यता बहुमत प्रणालीमा भने विशेष सुनिश्चितता गरेको छैन । दुवै प्रणालीमा जोड्दा उम्मेदवारी ३३ प्रतिशतको संरक्षण हो । मनोनयनबाट १७ जना पूर्ति गरिने सन्दर्भमा समेत महिलाको सुनिश्चितता देखिन्न । महिलाप्रति पार्टीहरू कति संवेदनशील छन् भन्ने कुरा निर्वाचनमा महिलालाई उम्मेदवारी दिने प्रतिशत र राज्यका अन्य संरचनामा गराउने प्रतिनिधित्वका आधारमा अनुमान गर्न सकिन्छ ।

**चुनावमा महिलाको उपस्थिति (उम्मेदवार र मतदाताका रूपमा) सहज बनाउन मिडियाले कस्तो भूमिका खेल्न सक्छ ?**

अहिलेको हाम्रो अवस्था भनेको सङ्क्रमणकालभित्रको पनि विशेष सङ्क्रमणकाल हो । यसबेला राजनीतिक पार्टीहरू जनतासँग गरेका वाचा र कबोलविपरीत जान हुँदैन । यसो त कहिल्यै वाचाविपरीत जानुहुन्न । तर, यो विशेष परिस्थितिमा झन् संयमित भएर सुझबुझका साथ कदम चाल्नु राजनीतिक पार्टीहरूको जिम्मेवारी हो । अहिले पार्टीहरू महान् काममा लागेका छन् । यसैबखत पिछडिएका क्षेत्र र वर्ग, महिला, जनजाति सबैले राज्यमा समान पहुँच खोजेका छन् । यस्ता कुराको सम्बोधन समयमा नै हुनुपर्छ भनेर मिडियाले राज्यलाई झकझकाउन सक्छ । यस्तै, चुनाव हुँदा वातावरण भयरहित र निष्पक्ष हुनुपर्छ । जसले गर्दा महिला बढीभन्दा बढी सहभागी हुन सक्छन् । र, यस्तो वातावरण बनाउनमा मिडियाले प्रशासनलाई सहयोग गर्न सक्छ ।

■

> "अहिले पार्टीहरु महान् काममा लागेका छन्। यसैबखत पिछडिएका क्षेत्र र वर्ग, महिला, जनजाति सबैले राज्यमा समान पहुँच खोजेका छन्। यस्ता कुराको सम्बोधन समयमा नै हुनुपर्छ भनेर मिडियाले राज्यलाई झकझकाउन सक्छ।"

# महिला अधिकारको सवाल र अवरुद्ध संविधानसभा



**बबिता बस्नेत**

राष्ट्रले घोषणा गरेर प्रतिबद्धता जनाएको 'संविधानसभा' एकाएक सङ्कटमा परेपछि संविधानसभाको निर्वाचनलाई लक्षित गरेर उठेका विभिन्न क्षेत्रका तमाम मुद्दासँगै महिलाका मुद्दा पनि ओझेलमा परेका छन् । पछिल्लो दसकमा महिलाका मुद्दा जसरी उठेका थिए तिनलाई व्यवस्थित र कार्यान्वयन गर्नका लागि संविधानसभाको निर्वाचन एउटा महत्त्वपूर्ण प्रक्रिया हो । संविधानसभाको निर्वाचनमार्फत बन्ने संविधानमा महिलाका मुद्दाले व्यवस्थित रूपमा संवैधानिक ग्यारेन्टी प्राप्त गर्ने अपेक्षा गरिएको थियो । राज्य सञ्चालन प्रक्रियालाई सुनिश्चित गर्ने मूल ढोकाको रूपमा लिइएको संविधानसभाको निर्वाचन सङ्कटमा पर्दा यसबीचमा उठेका महिलाका मुद्दा पनि स्वतः छायामा परेका छन् । अहिलेसम्म महिलाका मुद्दा जे-जसरी उठे तिनले मौखिक सहमति मात्रै प्राप्त गरेकाले ती मुद्दालाई संवैधानिक ग्यारेन्टी दिलाउनका लागि संविधानको संरचनामा नै महिला अधिकारका सवालहरू लिपिबद्ध गर्न जरुरी थियो, छ । उदाहरणका लागि राज्य संरचनाका हरेक तह र तप्कामा महिलाको ३३ प्रतिशत सहभागिताको कुरालाई लिउँ । सर्वसम्मतिले संसद्बाट पारित ३३ प्रतिशत महिला सहभागिताको प्रस्ताव कार्यान्वयन हुन नसक्नुको प्रमुख कारण बाध्यात्मक अवस्था नरहनु हो । ३३ प्रतिशतको कुरा प्रस्तावको रूपमा संसद्मा राखियो र सर्वसम्मतिबाट पारित भयो, तर यसका लागि आवश्यक पर्ने ऐन तथा नियमावलीहरू बनेका छैनन् । र, तिनका निम्ति कुनै प्रयास पनि भएको छैन । फलतः ३३ प्रतिशत सहभागिताको सवाल केवल चर्चामा सीमित रहेको छ । संविधानसभाको चुनावका लागि मिति तोकिसकिएको अवस्थामा यो सवाललाई संविधानमै लिपिबद्ध गर्नुपर्ने कुरा गम्भीरताका साथ उठेको थियो । त्यसो त, अन्तरिम संविधान निर्माणताका पनि महिला अधिकारवादीहरूले राज्यका हरेक संरचनामा महिलाको ३३ प्रतिशत सहभागिताको कुरा अन्तरिम संविधानमै उल्लेख हुनुपर्ने आवाज नउठाएका होइनन्, तर उक्त कुराले अन्तरिम संविधानमा स्थान भने पाउन सकेन ।

२०४६ सालको प्रजातन्त्रपछि हाम्रो मुलुकमा महिलाका मुद्दाले महत्त्व प्राप्त गर्न थाले पनि ती मुद्दा कार्यान्वयनको चरणमा भने पुग्न सकेका छैनन् । विभिन्न क्षेत्रमा सहभागिताको दृष्टिले महिलाको सङ्ख्या अत्यन्तै न्यून छ । हरेक क्षेत्रमा महिला सहभागिताको सङ्ख्यात्मक र गुणात्मक वृद्धि आवश्यक रहेको वर्तमान अवस्थामा संविधानसभालाई महत्त्वपूर्ण कडीका रूपमा लिएर अगाडि बढ्न महिला मानसिक रूपमा तयार छन् । विभिन्न पेसा र व्यवसायमा संलग्न महिला मात्रै नभएर सर्वसाधारण महिला पनि संविधानसभाले आफ्ना हकअधिकारलाई कार्यान्वयनको चरणसम्म पुऱ्याउनेछ भन्ने कुरामा आशावादी थिए । संविधानसभा र महिलाको सवालमा कतिपयले सङ्घीय शासन प्रणाली भए महिलाका समस्या स्वतः समाप्त हुन्छन् भन्ने भ्रम बाँडेको पनि देखिएको छ । त्यस्तै, कतिले भने गणतन्त्र आउनासाथ महिलाको हैसियत रातारात परिवर्तन हुने सपना पनि देखाएका छन् । तर,

**नेपालमा महिला र पुरुषबीच रहेको अन्तर**

| विषय | पुरुष | महिला |
|---|---|---|
| जनसङ्ख्या % | ४९.६ | ५०.०३ |
| औसत आयु | ६१.८ | ६२.२ |
| १५ वर्षभन्दा माथिको साक्षरता % | ६२.२३ | ३४.६ |
| प्रशासन % | ९१.४५ | ८.५५ |
| न्यायसेवा % | ९७.९६ | २.०४ |
| शिक्षक % | ७४ | २६ |
| सञ्चार क्षेत्रमा सहभागिता % | ८८ | १२ |
| विदेशी रोजगारीमा प्रतिशत % | ८९.१५ | १०.८५ |
| जमिनमा स्वामित्व % | ८९.१६ | १०.८३ |
| आवास भवनमा स्वामित्व % | ९४.४९ | ५.५१ |
| कृषि उत्पादनमा योगदान % | ३९.५ | ६०.५ |

स्रोत : राष्ट्रिय योजना आयोग (दशौं राष्ट्रिय योजना)

अब सपना देखाएर मात्र पुग्दैन, गणतन्त्रमा महिलाका मुद्दालाई कसरी व्यवस्थित गरिन्छ ? महिला हकअधिकारका सवाल र समानताको अवधारणालाई कसरी सुनिश्चित गरिन्छ ? भन्ने कुराको पनि स्पष्ट रोडम्याप अगाडि सार्नुपर्दछ। राज्यको शासन-प्रणाली कस्तो हुने भन्ने विषयमा निर्णय गर्ने अधिकार यो देशको नागरिक हुनुको अर्थमा महिलाको पनि समान भएकोले यस्ता बहसहरूमा महिलालाई पूर्णसहभागी बनाइनुपर्दछ । सङ्घीय शासन-प्रणाली भएमा महिलाका समस्या स्वतः समाप्त हुन्छन् भन्नेहरूलाई महिलाले अब प्रश्न गर्न सक्नुपर्छ- हाम्रो छिमेकी मुलुक भारतमा सङ्घीय शासन प्रणाली छ तर किन त्यहाँ अहिलेसम्म घरेलु हिंसाको अन्त्य नभएको ? बुहारी या श्रीमतीले दाइजो नल्याएको निहुँमा वर्षौंदेखि स्टोभ पड्किने क्रमको अन्त्य किन नभएको ? चेलीबेटी बेचबिखन र जबर्जस्ती वेश्यावृत्तिमा कमी किन नआएको ? राज्य संरचनाका हरेक तह र तप्कामा महिलाको सहभागिता किन नगन्य रहेको ? आदि-इत्यादी । राज्य-प्रणाली चाहे सङ्घीय होस् या एकात्मक महिलाका मुद्दालाई कसरी लिइन्छ ? र, महिला सहभागिताको सवाललाई कसरी न्यायोचित रूपमा व्यवस्थित गरिन्छ भन्ने कुरा अब बहसको विषय बन्नुपर्दछ । नीति-निर्माण तहमा महिला सहभागिता वृद्धिका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्नु जरुरी छ । राजनीतिक पार्टीदेखि लिएर भ्रातृ सङ्गठन हुँदै विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूमा महिलाको सहभागिता कम छ, जति छ तिनको पनि क्षमताको सही उपयोग हुन सकेको छैन। राजनीतिक पार्टीका केन्द्रीय समितिमा महिलाको सङ्ख्या मात्र कम छैन, उनीहरूको आवाजले पनि त्यति स्थान पाउन सकेको छैन । अहिले हाम्रो मुलुकमा महिलाको जे-जस्तो अवस्था छ त्यसलाई मध्यनजर गरेर समानताको परिभाषालाई थप स्पष्ट पार्नुपर्ने अवस्था छ । २०४७ सालको संविधान र अन्तरिम संविधानमा उल्लेख भएको सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट बन्चित गरिने छैन भनेर मात्रै शायद अब पुग्दैन। दक्षिण अफ्रिकाको संविधानको धारा ९ मा रङ्ग, सामाजिक अवस्था, लिङ्ग, गर्भ, वैवाहिक स्थिति, सामाजिक उत्पत्ति, वर्ण, यौन-व्यवहार, उमेर, शारीरिक अक्षमता, स्वास्थ्य, धर्म, विश्वास, संस्कृति, भाषा, जन्म आदिको आधारमा विभेद गर्न नहुने कुरा स्पष्ट लेखिएको छ। यी सबै कुरा स्पष्ट उल्लेख हुँदा र अहिले त्यहाँ अन्यायोचित विभेदको अन्त्य र सकारात्मक विभेदको प्रयोग भइरहेको अवस्था छ । महिलामाथि हुँदै आएका सबै प्रकारका भेदभावको अन्त्य गर्न र महिलालाई पूर्ण नागरिकका रूपमा शिर ठाडो गरेर जिउनका लागि संविधानसभाको निर्वाचन अचुक वाण या समाधानको प्याकेज क्याप्सुल होइन । तर संविधानसभा महिलाका तमाम समस्यालाई व्यवस्थित रूपमा अगाडि बढाउन कानुनी आधार तय गर्ने थलो भने अवश्य हो । त्यसैले संविधानसभामा महिलाको सहभागिता र महिलाका मुद्दा दुवै उत्तिकै महत्त्वपूर्ण छन् । संविधान देशको मूल कानुन भएकाले यसको निर्माणमा महिलाको सहभागिताले ठूलो महत्त्व राख्दछ । नेपाल अधिराज्यको संविधान निर्माणको ६ पटकको अनुभवमा जम्मा दुईपटक मात्रै महिलाको सहभागिता रहेको इतिहास छ। नेपालको संवैधानिक विकासक्रमको सुरुवात २००४ सालबाट भएको हो जो नेपाल सरकारको वैधानिक कानुन २००४ का नामले लिपिबद्ध छ । त्यसपछि नेपाल अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ । यी ६ वटा संविधान निर्माणमा २०१९ सालको संविधान मस्यौदा समितिमा ६ जनामा १ जना महिलालाई राखिएको थियो भने अन्तरिम संविधान, २०६३ को मस्यौदा समितिमा १६ जनामा ४ जना महिला सदस्यका रूपमा रहेका थिए । हाम्रो मुलुकमा अहिले ८८,८०,२४८ पुरुष मतदाता छन् भने ८७,२९,३६४ महिला मतदाता रहेका छन्। चर्चाको शिखरमा पुगेको संविधानसभाको निर्वाचन एकाएक अवरुद्ध हुँदा अहिले यी तमाम मतदाताको मनमा असङ्ख्य प्रश्न जन्मिएका छन् । त्यसमध्येको मूल प्रश्न हो- आखिर संविधानसभाको चुनाव किन तोकिएको मितिमा भएन ? चुनाव होला भनी भोट हाल्न तम्तयार भएर बसेका मतदातामा यस्तो प्रश्नले ठाउँ लिनु स्वाभाविक हो । मुलुकलाई गतिरोध र प्रतिरोध हुने खतराबाट जोगाउन, गुम्दै भएको अन्तर्राष्ट्रिय विश्वास पुनः प्राप्त गर्न र जनतालाई अन्योलपूर्ण अवस्थाबाट मुक्त गर्न संविधानसभाको चुनाव अपरिहार्य छ। तर, चुनाव अवरुद्ध भएकै अवस्थामा पनि महिला अधिकारका सवाल ओझेलमा पारिनु हुँदैन ।

> “महिलामाथि हुँदै आएका सबै प्रकारका भेदभावको अन्त्य गर्न र महिलालाई पूर्ण नागरिकका रुपमा शिर ठाडो गरेर जिउनका लागि संविधानसभाको निर्वाचन अचुक वाण या समाधानको प्याकेज क्याप्सुल होइन। तर संविधानसभा महिलाका तमाम समस्यालाई व्यवस्थित रुपमा अगाडि बढाउन कानुनी आधार तय गर्ने थलो भने अवश्य हो। त्यसैले संविधानसभामा महिलाको सहभागिता र महिलाका मुद्दा दुवै उत्तिकै महत्वपूर्ण छन्।”

# शान्ति-प्रक्रियामा सञ्चारको भूमिका



**'शान्ति-प्रक्रियामा महिला सहभागिता र सञ्चारमाध्यमको भूमिका' कार्यक्रममा बागलुङका सहभागीका साथ सञ्चारिका समूहका कोषाध्यक्ष यशोदा तिम्सिना**



**'शान्ति-प्रक्रियामा महिला सहभागिता र सञ्चारमाध्यमको भूमिका' कार्यक्रममा झापाका सहभागीका साथ सञ्चारिका समूहका अध्यक्ष बबिता बस्नेत तथा महासचिव निर्मला शर्मा**



**'शान्ति-प्रक्रियामा महिला सहभागिता र सञ्चारमाध्यमको भूमिका' कार्यक्रममा झापामा सहभागी पत्रकारहरू**

सञ्चारिका समूहको आयोजनामा बागलुङमा हालै एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । 'शान्ति-प्रक्रियामा सञ्चारको भूमिका' विषयक उक्त छलफल कार्यक्रममा समाजका लब्धप्रतिष्ठित व्यक्तिहरूले शान्ति-प्रक्रियामा सञ्चारले खेल्न सक्ने भूमिकाका विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको उद्घाटन सत्रमा अतिथि वक्ता वरिष्ठ प्रहरी उपरीक्षक विज्ञानराज शर्माले सञ्चारको महत्त्वमाथि प्रकाश पार्दै देशले करिब दस वर्ष भोगेको द्वन्द्वका क्रममा विशेषतः महिला, बालबालिका र वृद्धवृद्धा बढी प्रताडित भएको उल्लेख गर्दै द्वन्द्व सकिए पनि त्यसको अवशेष भने बाँकी रहेको बताउनुभयो । उहाँले शान्ति-प्रक्रियाको यस चरणमा देशले दिगो शान्ति प्राप्त गर्न सञ्चारको भूमिका अपरिहार्य रहने पनि बताउनुभयो ।

यसैगरी अर्का वक्ता बार एकाइ बागलुङका अध्यक्ष निरञ्जनराज राजभण्डारीले शान्ति-प्रक्रियामा सञ्चारको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै सञ्चारमा महिला सहभागिता बढ्न सके शान्ति-प्रक्रियाको यस जटिल मोडमा अझ प्रभावकारी समाचार सम्प्रेषण हुन सक्ने सम्भावना औंल्याउनुभयो ।

अर्का वक्ता नेपाल पत्रकार महासङ्घ बागलुङका अध्यक्ष राजेशचन्द्र राजभण्डारीले संविधानसभाको चुनाव नभएसम्म सञ्चारमाध्यमले आफू स्वतन्त्र भएको महसुस गर्न नसक्ने जनाउँदै दिगो शान्ति स्थापनाका लागि महत्त्वपूर्ण पाटोका रूपमा रहेको संविधानसभाको निर्वाचन यथाशक्य छिटो गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

समारोहको अध्यक्षता गरिरहनुभएकी सञ्चारिका समूहकी अध्यक्ष तथा वरिष्ठ पत्रकार बबिता बस्नेतले शान्ति-प्रक्रियाका हरेक चरणमा महिलाको अर्थपूर्ण सहभागिता हुनुपर्ने बताउँदै गाउँदेखि नीति-निर्णायक तहमा महिलाको सहभागिता बढाउन र उनीहरूको भूमिकाको महत्त्व प्रस्ट्याउन

सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुन्छ भन्नुभयो ।

दुई दिनसम्म चलेको उक्त अन्तरक्रिया कार्यक्रमको प्रशिक्षकहरूमा अधिवक्ता मनोज पौडेल र पत्रकार यशोदा तिम्सिना हुनुहुन्थ्यो ।

कार्यक्रममा सहभागी सञ्चारकर्मीका तर्फबाट बोल्दै रेडियो नेपालका बागलुङ संवाददाता सरस्वती शर्मा 'प्रतीक्षा' ले द्वन्द्वका क्रममा क्षति भएका भौतिक संरचनाको त पुनर्निर्माण होला तर त्यतिबेला भत्किएका मनको कसरी पुनर्निर्माण हुन सक्छ ? भन्दै द्वन्द्वका क्रममा भएको मानवीय क्षति र तिनले व्यहोरेको दुःख अझै पनि बाहिर नआएको धारणा राख्नुभयो । साथै उहाँले ती घटनालाई बाहिर ल्याउने काममा सञ्चारको भूमिका महत्त्वपूर्ण रहने बताउनुभयो ।

उक्त कार्यक्रममा विभिन्न सञ्चारमाध्यममा कार्यरत करिब ४० सञ्चारकर्मीको सहभागिता थियो । कार्यक्रमको संयोजन राष्ट्रिय समाचार समितिका बागलुङ जिल्ला संवाददाता सीता शर्माले गर्नुभएको थियो ।

**शान्ति-प्रक्रियामा महिला**

शान्ति-प्रक्रियामा महिला सहभागिता विषयक कार्यक्रम हालै चितवन र बागलुङमा सम्पन्न भयो । सञ्चारिका समूह र एक्याडमी फर एजुकेशनल डेभलपमेन्ट (एईडी) को संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न पेसाकर्मी महिलाको सहभागिता रहेको थियो ।

कार्यक्रमका सहभागीले शान्ति-प्रक्रियाका हरेक चरणमा महिलाको सहभागिता गराइनुपर्ने कुरामा जोड दिँदै द्वन्द्वको मारमा सबैभन्दा बढी पीडित भएको समूह पनि महिला, बालबालिका र वृद्धवृद्धा भएको उनीहरूको भनाइ थियो ।

उक्त अवरसरमा सञ्चारिका समूहका अध्यक्ष बबिता बस्नेत, महासचिव निर्मला शर्मा र स्रोतव्यक्ति अधिवक्ता बसन्त बस्नेतले महिलालाई कसरी शान्ति-प्रक्रियाका विविध चरणमा समावेश गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिनुभएको थियो ।



**'शान्ति-प्रक्रियामा महिला सहभागिता र सञ्चारमाध्यमको भूमिका' कार्यक्रममा चितवनमा सहभागी पत्रकारहरू**






**'संविधानसभा र महिला सहभागिता' विषयक संचारिका समूह र सिडाद्वारा धरानमा आयोजित कार्यक्रम । कार्यक्रममा विभिन्न पेशा र व्यवसायसँग सम्बन्धित महिलाहरू तथा स्थानीय पत्रकारहरूको सहभागिता रहेको थियो ।**

# यात्रा जारी छ ......



धरानमा गरिएको सडक नाटक 'यात्रा जारी छ' को एक दृश्य ▲

▼ दमकमा गरिएको सडक नाटक 'यात्रा जारी छ' को एक दृश्य



सञ्चारिका समूह र अनाम नाट्य समूहको संयुक्त आयोजनामा मङ्सिर ६ गते झापाको दमकमा सडक नाटक सम्पन्न भयो। यस्तैगरी सोही नाटक ७ गते सुनसरीरको धरानमा प्रस्तुत गरियो। "महिलाको अवधारणाबाट संविधानसभालाई हेरौं" भन्ने नारासहित प्रस्तुत उक्त नाटकले संविधानसभा समयमा हुनुपर्ने कुराको सन्देश दिएको थियो। मुलुकका विभिन्न ठाउँमा सञ्चारिकाले सडक नाटक गरिरहेको परप्रेक्ष्यमा पूर्वाञ्चलको प्रस्तुति भने संविधानसभा नहुँदा आइपर्ने अप्ठ्याराबारेमा केन्द्रित थियो। सबै किसिमका दर्शकले बुझ्न सक्ने सडक नाटकप्रति दर्शकको सकारात्मक प्रतिक्रिया थियो। उक्त नाटक प्रदर्शनीमा समूहका अध्यक्ष बबिता बस्नेत र सचिव सुचित्रा श्रेष्ठको उपस्थिति थियो।

## सञ्चारिका समूहको मासिक प्रकाशन 'सञ्चारिका लेखमाला'

सञ्चारिका समूहले आफ्नो स्थापनाको सुरुदेखि नै मासिक प्रकाशन 'सञ्चारिका लेखमाला' निरन्तर रूपमा प्रकाशित गर्दै आइरहेको छ। लेखमाला करिब १० वर्षको भइसकेको छ। पत्रकारहरूलाई विशेषतः हिंसा, द्वन्द्व, भेदभावजस्ता विषयहरूमा अनुसन्धानमूलक फिचर लेख्न अभिप्रेरित गराउने उद्देश्यले सुरु गरिएको सञ्चारिकाको उक्त प्रकाशनमा विगतमा महिला तथा पुरुष सबै पत्रकारको फिचर समावेश गरिन्थ्यो। पत्रपत्रिकामा प्रकाशित हुने अधिकांश फिचर लेख पुरुषले मात्र लेखिएको पाइएको र महिलाको फिचर निकै कम मात्र प्रकाशित हुने गरेको तथ्यलाई मनन गरी सञ्चारिका समूहले गत जुलाई २००६ देखि पत्रकार महिलाको व्यावसायिक दक्षता एवम् सङ्ख्यात्मक वृद्धिका लागि आरम्भ गरेको पाँचदिने फिचरलेखन तालिम कार्यक्रमसँगै सञ्चारिका लेखमालामा पत्रकार महिलाको मात्र फिचर प्रकाशन गरिँदै आएको छ। हरेक महिना सातजना पत्रकार महिलाको अनुसन्धानमूलक फिचर प्रकाशन गरिने उक्त सञ्चारिका लेखमालामा हिंसा, द्वन्द्व, सामाजिक भेदभावका विषयवस्तु मात्र नभएर हाल राजनीतिक, आर्थिकलगायत अन्य विभिन्न रोचक विषयवस्तुहरूमा केन्द्रित फिचर लेखहरू समावेश गर्ने गरिन्छ। मुलुकभरिका तीन सयभन्दा बढी पत्रपत्रिकामा हुलाक तथा इमेलमार्फत निःशुल्क वितरण गरिने उक्त लेखमालाका फिचर विभिन्न राष्ट्रिय दैनिक, साप्ताहिक, मासिक तथा मूल प्रवाहका दैनिक पत्रिकाहरू र मोफसलबाट निस्कने पत्रपत्रिकामा समेत साभार गरिन्छ। यसले गर्दा महिला फिचरलेखनमा आत्मविश्वासी देखिएका छन्।

# "समयमा चुनाव नहुनु जनादेशको उल्लङ्घन हो"



**– डा. अर्जुन कार्की**

**डा. अर्जुन कार्की, ४४, नागरिक समाजका तर्फबाट समाजमा जनचेतना फैलाउने कार्यमा संलग्न हुनुहुन्छ । नेपालको ग्रामीण पुनर्संरचना र गरिबी घटाउने कार्यमा एक दसकभन्दा बढी समयदेखि सक्रिय डा. कार्की पछिल्लो समय जनआन्दोलन– २ मा अन्तर्राष्ट्रिय मद्दत जुटाउन सक्रिय हुनुहुन्थ्यो । बौद्धिक व्यक्तित्व डा. कार्कीले नेपाल सरकारका विभिन्न निकायका योजना, नीति र अनुसन्धान कमिटीमा रहेर काम गरिसक्नुभएको छ । उहाँका ग्रामीण पुनर्संरचना, गरिबी निवारण र कृषि पद्धतिसम्बन्धी विषयका पुस्तकहरू प्रकाशित छन् ।**

**गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष डा. कार्कीसँग संविधानसभाको निर्वाचन, यसमा गैरसरकारी सङ्घ/संस्थाको भूमिका र तिनले राज्यसँग गर्न सक्ने खबरदारी र साझेदारीका विषयमा गरिएको कुराकानी :**

**संविधानसभाको चुनाव सम्पन्न गर्न गैरसरकारी संस्थाले के-कस्तो सहयोग गर्न सक्छन् ?**

दुईपटक मिति घोषणा गरेर पनि चुनाव सम्पन्न हुन नसकेको अहिलेको अवस्था छ । तर, चुनावको तिथि चाँडै तोकिएला र हामीले हिजो गरिरहेको कार्यलाई निरन्तरता दिनेछौं भन्ने मलाई लाग्छ । संविधानसभाको चुनावलाई लक्षित गरेर तय गरिएका कतिपय कार्यक्रमलाई हामीले निरन्तरता दिइरहेका छौं पनि ।

जहाँसम्म चुनाव सम्पन्न गर्न गैरसरकारी सङ्घ/संस्थाको भूमिकाको विषय छ, निश्चय नै यस चुनावपछि राज्यको पुनर्संरचना गर्ने र समावेशी बनाउने सुनौलो अवसर भएकाले यसलाई पिछडिएको वर्ग, क्षेत्र, गरिब र गाउँमुखी बनाउनुपर्छ । तत्तत् क्षेत्रमा चुनावको फाइदा, अवसर र अधिकारका विषयमा जनचेतना जगाउनुपर्छ । यसमा राज्यका सबै अङ्गको जिम्मेवारी उत्तिकै हुन्छ ।

इतिहासमा पहिलोपटक हुन लागेको संविधानसभाका विषयमा कतिपय राजनीतिक दलका नेतालाई नै प्रशिक्षणको खाँचो छ भने मतदातालाई त जानकारी हुने कुरै भएन । यसर्थ के गाउँ, सहर, पहाड, तराई, महिला, पुरुष सबैलाई यसको महत्त्वका विषयमा जानकारी दिने अभिभारा राज्य, गैरसरकारी संस्थालगायत नागरिक समाजमाथि छ ।

निर्वाचनका क्रममा पर्यवेक्षणका निम्ति खुल्ला र निर्धक्क रूपमा काम गर्ने वातावरण होस् भन्नाका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समन्वयको काम गर्नुपर्ने जिम्मेवारी पनि गैरसरकारी संस्थाहरूमाथि छ ।

र, अर्को महत्त्वपूर्ण काम भनेको राजनीतिक दलहरूलाई जनआन्दोलनले दिएको 'म्यान्डेट' पूरा गर्न र त्यसप्रति प्रतिबद्ध रहन दबाब समूहको रूपमा गैरसरकारी सङ्घ/संस्थाले काम गर्न सक्छन् ।

**चुनाव घोषणाको मिति तय भएपछि गैरसरकारी संस्थाले गरेका काम के-के हुन् ?**

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जनमार्च सम्पन्न भए । त्यसमा सातवटै (उसबेलाका आठवटा) राजनीतिक दलका केन्द्रीय नेताको सहभागिता थियो । जनसरोकारका विषयमा गाउँगाउँमा राजनीतिक पार्टी र नागरिक समाजका अगुवाहरूसँग छलफल भएका छन् । संविधानसभाको चुनावले पुऱ्याउने लाभका बारेमा र यसमा नेपाली जनताले कसरी आफ्नो भविष्यको निर्माण आफैं

गर्नेछन् भन्ने विषयमा जानकारीमूलक कार्यक्रमहरू गरिएका छन् । हामीले राजनीतिक दलहरूसँग कतिपय कार्यक्रय साझेदारीका रूपमा अघि बढाएका छौं भने कतिपय विषयमा खबरदारी पनि गरिरहेका छौं ।

यी सबका बाबजुद पनि सबैभन्दा महत्त्वपूर्ण कुरा गाउँ-गाउँमा चेतनाको दियो बलेको छ, त्यसलाई मैले ठूलै उपलब्धिका रूपमा लिएको छु ।

**दुई-दुईपटक चुनावको तिथि तय भयो र त्यो त्यत्तिकै टरेर गयो । यस अवस्थामा तपाईंहरूले प्राप्त गरेको उपलब्धि 'बालुवामा पानी' जस्तै भएन र ?**

यसलाई त्यसरी हेर्न मिल्दैन । गाउँ, कुनाकन्दरा, पिछडिएको वर्ग र समुदायमा फैलिएको चेतना चुनावको मिति सर्दैमा हराएर जाने कुरो होइन । संविधानसभाको चुनावमा सही, आफ्नो ठाउँको समस्या पहिचान गर्न सक्ने र त्यसलाई मूल मुद्दा बनाएर समाधानका उपाय पहिल्याउन सक्ने उम्मेदवारको छनोट गर्न सक्नेसम्मको चेतना जनतामा आएको छ । त्यसलाई कसरी कम आंकलन गर्न सकिन्छ र ? हो, पटक-पटक संविधानसभाको चुनाव सर्नु र अर्को मिति घोषणा नभएको अहिलेको अवस्थामा केही निराशा पक्कै छाएको छ । तर, संविधानसभाको चुनाव अपरिहार्य छ । यो नगराउनु जनताको मर्मको उपेक्षा गर्नु हो । जनताको आदेशको उल्लङ्घन हो ।

राज्य, निर्वाचन आयोग, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज र दातृ समुदायले कतिपय चुनावका प्राविधिक काममा गरेको लगानीको भने उचित सदुपयोग भएन । भोलि चुनाव हुँदा पनि ती सामग्री पुन: प्रयोगमा नआउन सक्छन् । यस हिसाबले भने लगानी खेर गएको छ भन्न सकिन्छ ।

“संविधानसभाको चुनाव नगरी न त जनताले दिएको 'म्यान्डेट' पूरा हुन्छ न त अहिले देखिएका तमाम समस्याको समाधान नै हुन्छ। संविधानसभाको चुनाव नगार्नु भनेको जनतालाई धोका दिनु हो । देशलाई अझ पछाडि धकेल्नु हो।”

**संविधानसभाको चुनाव सर्दासर्दै टरेर गयो भने ?**

यो कसरी सम्भव छ ? संविधानसभाको चुनाव नगरी न त जनताले दिएको 'म्यान्डेट' पूरा हुन्छ न त अहिले देखिएका तमाम समस्याको समाधान नै हुन्छ । संविधानसभाको चुनाव नगर्नु भनेको जनतालाई धोका दिनु हो । देशलाई अझ पछाडि धकेल्नु हो ।

समयको गति कहिल्यै पनि पछाडि फर्कंदैन । यो अगाडि बढिरहन्छ । यो प्रकृतिको नियम पनि हो । यसमा केही गतिरोध आउला, समय लाग्ला तर यस देशमा संविधानसभाको चुनाव अपरिहार्य छ र त्यो भएरै छाड्छ ।

**के संविधानसभाको चुनाव जादूको छडी हो जसले हाम्रो समाजमा विद्यमान सारा समस्या टरेर जान्छन् ?**

संविधानसभा भनेको साध्य होइन, साधन हो । यसले एउटा मार्ग प्रशस्त गर्छ । संविधानसभाको चुनाव हुनेबित्तिकै हाम्रो न्याय, समानता र समावेशीका मुद्दा एकैचोटि समाधान भएर जान्छन् भन्ने जनआकाङ्क्षा पाइएको छ । यसले भोलि जनतालाई निराश बनाउन सक्छ । संविधानसभाले संविधान निर्माण गर्ने हो । त्यसकै आधारमा सिङ्गो मुलुकलाई समावेशी बनाउने, राज्यका सम्पूर्ण संरचनाहरूलाई पुनर्गठित गर्ने र पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई सम्बोधन गर्ने स्थितिको निर्माण गर्ने माध्यमको रूपमा बुझ्नुपर्छ संविधानसभालाई र त्यसरी नै बुझाउनु पनि पर्छ ।

**संविधानसभाको चुनाव स्थगनले समाजमा आफ्नो अस्तित्व निर्माणका निम्ति जागरुक महिलालाई कस्तो असर पर्‍यो ?**

दुई-दुईपटक मिति तय हुँदै चुनाव स्थगन हुँदा महिला हतोत्साही हुनु स्वाभाविक हो । तर, महिला मात्रै होइन, सम्पूर्ण नागरिक र त्यसमा पनि यत्तिका वर्षसम्म राज्यबाट उपेक्षित वर्ग, समुदाय र क्षेत्रका जनतामा घोर निराशा छाउनुलाई पनि अस्वाभाविक मान्नुहुँदैन । बरु छिटोभन्दा छिटो संविधानसभाको चुनाव हुने मिति तय गरेर सार्वजनिक सूचना जारी गर्न राजनीतिक पार्टीहरूलाई महिलालगायत सम्पूर्ण चेतनशील समुदायले दबाब दिनुपर्छ ।

**संविधानसभाको चुनावमा महिलाले भयरहित भाग लिन सक्ने वातावरण कसरी निर्माण गर्न सकिन्छ ?**

निर्धारित मापदण्डलाई पूरा गरेर पर्यवेक्षण गर्ने वातावरण हुनुपर्छ । शान्ति-सुव्यवस्था कायम भएन भने महिलामाथि चुनावका बेला हुने हिंसा एकातिर छ भने अर्कातिर उनीहरूको मतको सुरक्षा

र सम्मानको कुरा अर्कातिर छ । धेरैजसो महिलाले घरका ज्येष्ठ नागरिकका दबाबमा मतदान गर्ने परम्परा छ । संविधानसभाको चुनावमा महिलाले निर्धक्क आफूले चाहेको उम्मेदवारलाई भोट हाल्न पाउने वातावरण हुनुपर्छ ।

**जनसङ्ख्याको हिसाबले आधा हिस्साभन्दा बढी ओगटेका महिलाले अहिले छलफल गरिएअनुसार नै समस्याको निकास पाउँछन् ?**

सबै समस्याको समाधान एकैचोटि कहीँ पनि हुँदैन । हाम्रोजस्तो पितृसत्तात्मक र वर्षौं हिंसामा जकडिएको देशमा झन् अनगिन्ती समस्या छन् । त्यसमा महिलाका समस्या झन् जटिल र अनेकौं छन् । संविधानसभाको चुनाव हुनासाथ जादूको छडी घुमाएझैं समस्या फुमन्तर भएर जाँदैनन् । महिलाका लगायत अरू तमाम समस्या पनि रातारात समाधान हुने होइनन् । तर, ती समस्याको सही पहिचान र सम्बोधन भएको खण्डमा निराकरण छिट्टै हुन्छन् ।

संविधानसभाको चुनावमा योग्य महिला निर्वाचित भएर आए भने त्यसपछि बन्ने संविधानमा महिलाका मुद्दामा सम्बोधन हुनेछ । संविधान देशको मूल कानुन हो । यसकै आधारमा राज्य सञ्चालनको सम्पूर्ण प्रक्रिया अघि बढ्छ । यसर्थ महिलाका समस्या समाधान गर्न महिला निर्वाचित हुनुपर्छ । तर, महिलाका समस्या महिलाका मात्रै हुन् भनेरचाहिँ बुझ्नुहुँदैन ।

**संविधानसभाको निर्वाचनमा महिला उम्मेदवारी दलहरूले प्रतिबद्धता जाहेर गरेअनुरूप कम्तीमा ३३ प्रतिशत पुग्छ ?**

प्रतिबद्धता कागजमा गरेर पुग्दैन, त्यो व्यवहारमा देखिनुपर्छ । ०५६ सालमा गैरसरकारी संस्था नेपालको पहलमा थुप्रै महिला संसद्मा पुगे । त्यस्तै, गाविस र जिविसमा पनि आए । विभिन्न उपभोक्ता समूह, आमा समूह, सामुदायिक सङ्घ/सङ्गठन, सहकारीलगायतका माध्यमबाट बाहिर आए । महिला सशक्तीकरण भनेको त्यही हो ।

अब संविधानसभाको चुनावमा पार्टीहरूले महिलालाई भागवण्डा पुऱ्याउने हिसाबले टिकट दिन्छन् कि जिताउने रणनीतिअनुरूप दिन्छन्, त्यसले पार्टीहरूको प्रतिबद्धताको परीक्षा लिनेछ । तर, गैरसरकारी संस्था, महिला समूहहरू, नागरिक समाज, मिडिया सबैले पार्टीका ती क्रियाकलापमा ध्यान दिनुपर्छ । चित्तबुझ्दो निर्णय नभएमा राजनीतिक पार्टीहरूलाई खबरदारी गरिरहनुपर्छ । महिला मतदाताको सङ्ख्या उल्लेख्य भएका कारण कुनै पनि राजनीतिक दलले महिलामाथि न्याय गर्न सकेनन् भने तिनलाई महिलाको भोट प्राप्त नहुने किसिमको जनचेतना फैलाउनुपर्छ । यसका निम्ति सम्बन्धित पार्टीका महिला नेता पनि पार्टीले उचित नीति अख्तियार गर्न सकेन भने त्यसको विरोधमा उत्रन सक्नुपर्छ ।

"संविधानसभाको चुनावमा पार्टीहरुले महिलालाई भागवण्डा पुऱ्याउने हिसाबले टिकट दिन्छन् कि जिताउने रणनीतिअनुरुप दिन्छन्, त्यसले पार्टीहरुको प्रतिबद्धताको परीक्षा लिनेछ ।"

**अहिले विभिन्न मञ्चमा 'योग्य महिला' हुनुपर्छ भन्ने कुरो उठाइन्छ । योग्यको मापदण्ड के हो ? के महिला मात्रै योग्य हुनुपर्छ ? र, योग्यताको कसी महिलालाई मात्रै लगाइनुपर्छ ?**

निश्चय नै पुरुष र महिला दुवैको योग्यता जरुरी हुन्छ । बरु समान ढङ्गले प्रतिस्पर्धा गर्न महिलालाई केही गाह्रो भएको हुन सक्छ । त्यो पनि 'बायोलोजिकल'भन्दा पनि सामाजिक बनावट, पुरातन सोच र जिम्मेवारीका कारण महिलाले प्रतिस्पर्धा गर्न नसक्ने स्थिति हुन सक्छ । यसर्थ त्यस्तो अवस्था छ भने पनि सकारात्मक विभेदको नीतिमार्फत महिलालाई अवसर दिइनुपर्छ । योग्यता नपुगेको बहानामा अवसरबाट बन्चित गरिनुहुँदैन । आफ्नो योग्यता जाँच्ने अवसर नभएसम्म एउटा व्यक्तिलाई कसरी योग्य या अयोग्य भन्न सकिन्छ ? यसर्थ यस्ता कुरालाई महिला र पुरुषबीचको लडाइँ ठान्नुहुँदैन । महिला सशक्त भए भने महिला मात्रै सशक्त हुने होइन, देश नै हो भन्ने यथार्थता महिला र पुरुष दुवैले आत्मसात् गर्न सक्नुपर्छ ।

गैरसरकारी संस्था महासङ्घले आफ्ना सबै संरचनालाई समावेशी बनाएको छ । हामी राज्यका सम्पूर्ण निकाय र अरू गैरसरकारी सङ्घसंस्था, नागरिक समाज र राजनीतिक दलहरूलाई समावेशी सिद्धान्त अपनाउन आग्रह मात्रै गरिरहेका छैनौं, दबाबमूलक कार्यक्रमहरू पनि गरिरहेका छौं ।

■




धरानमा भएको फिचरलेखन फलो अप तालिममा बोल्दै एमाले महासचिव माधवकुमार नेपाल

# फिचरलेखन "फलो अप" तालिम

सञ्चारिका समूहले गत वर्ष पत्रकार महिलाहरूका लागि पाँचदिने फिचरलेखन तालिम सञ्चालन गरेको थियो । सञ्चारमाध्यमका पत्रकार महिलाको व्यावसायिक दक्षता र सङ्ख्यात्मक वृद्धिका लागि आयोजना गरेको उक्त तालिम पूर्वाञ्चलमा धरान, पश्चिमाञ्चलमा बुटवल र पोखरा, मध्यमाञ्चलमा काठमाडौं तथा मध्यपश्चिमाञ्चलमा नेपालगञ्ज गरी पाँच जिल्लामा सञ्चालन गरिएको थियो ।

हरेक तालिममा २० जनाका दरले सयजना पत्रकार महिला सहभागी रहेको उक्त तालिमको एक वर्षपछि गत जुलाईदेखि सोही तालिमको पुनरावृत्तिस्वरूप तिनै जिल्लाहरूमा चारदिने फिचरलेखन 'फलो अप' तालिम कार्यक्रम आरम्भ भएको छ । तालिमअन्तर्गत हालसम्म पूर्वाञ्चलमा धरान, पश्चिमाञ्चलमा बुटवल र मध्यमाञ्चलमा काठमाडौंमा गरी तीनवटा 'फलो अप' तालिम सम्पन्न भइसकेका छन् ।

पहिलो तालिममा सहभागी २० जनामध्येबाट पत्रकारितामा निरन्तर काम गरिरहेका १५ जनालाई फलो अप तालिममा सहभागी गराउने सञ्चारिका समूहको योजनाअनुसार हालसम्ममा ४५ जना पत्रकार महिलाले धरान, काठमाडौं र बुटवलबाट फिचरलेखन फलो अप तालिम लिइसकेका छन् ।

प्रत्येक तालिमको अन्तिम दिन त्यस क्षेत्रका सम्पादक, प्रकाशक र सञ्चारमाध्यमका नीति-निर्माण तहका व्यक्तित्वहरू तथा तालिममा सहभागी पत्रकार महिलाबीच अन्तरक्रिया कार्यक्रमको पनि आयोजना गरिन्छ । 'पत्रकार महिलाको दक्षता अभिवृद्धिका लागि सम्पादकहरूले खेल्न सक्ने भूमिका' विषयक उक्त अन्तरक्रिया कार्यक्रमको मूल उद्देश्य सञ्चारमाध्यममा पत्रकार महिलाका लागि काम गर्ने अवसरको सिर्जना गर्नु हो । साथै उनीहरूको बढीभन्दा बढी सहभागिता गराउनु मात्र नभएर सम्पादक, प्रकाशक एवम् सञ्चारमाध्यमका प्रमुखहरूसम्म पत्रकार महिलाहरूको पहुँचलाई बढाउनु पनि रहेको छ ।

सन् २००७ को अन्तसम्ममा पश्चिमाञ्चलको पोखरा तथा मध्यपश्चिमाञ्चलको नेपालगञ्जमा पनि फिचरलेखन फलो अप तालिम आयोजना गरिनेछ। जसअनुसार गत वर्ष सयजना पत्रकार महिलाले पाँचदिने फिचरलेखन तालिम लिए भने यस वर्ष तिनै तालिमका सहभागीमध्येबाट ७५ जनाले चारदिने फिचरलेखन 'फलो अप' तालिम लिनेछन्। सञ्चारक्षेत्रमा महिला पत्रकारहरूको व्यावसायिक दक्षता र सङ्ख्यात्मक वृद्धिका लागि सुरु गरिएको उक्त फिचरलेखन तालिममा सहभागी केही पत्रकार महिला हाल राष्ट्रिय दैनिक, साप्ताहिक तथा मासिक पत्रिकालगायत टेलिभिजन, रेडियो तथा एफएमहरूमा काम गरिरहेका छन् । फिचरलेखन तालिमको संयोजन सञ्चारिका समूहका महासचिव निर्मला शर्माले गर्दै आउनुभएको छ ।

प्रकाशक
**सञ्चारिका समूह/नेपाल**
(यो समाचार बुलेटिन क्यानेडियन इन्टरनेशनल डेभलपमेन्ट एजेन्सी (सिडा) को सहयोगमा प्रकाशित गरिएको हो ।)
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेल : sancharika@wlink.com.np
वेभसाइट : www. sancharika.org

**संयोजन**
यशोदा तिम्सिना
इ-मेलः ystimi@gmail.com

**कम्प्युटर ले-आउट**
बच्चु राई

**भाषा सम्पादन**
कृष्णप्रसाद पौडेल

**(यस बुलेटिमा प्रकाशित लेख/समाचार साभार गर्दा साभार : 'समाचार बुलेटिन/सञ्चारिका समूह' उल्लेख गरिदिनु हुनु अनुरोध गर्दछौं ।)**